बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड २ | बर्ष ५ | अंक १६ | मिति : माघ ४ गते २०७८

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# भाग -१

# बुद्धभूमि नगरपालिकाको सहकारी ऐन,२०७५ को पहिलो संसोधन (२०७८)

१. ऐनको दफा ३०.७ साबिकको व्यवस्था हटाइ समितिको कार्यवधि ४ बर्षको हुनेछ भन्ने व्यवस्था कायम गरिएको,

२. ऐनको दफा ७२.१ साबिकको व्यबस्था हटाइ कुनै संस्थाको व्यावसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा * पाँच प्रतिशत सदस्यले छानबिनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानबिन गर्न, गराउन सक्नेछ, भन्ने व्यवस्था कायम गरिएको।

३. ऐनको दफा ५०.२ मा रहेको साबिकको व्यवस्था हटाइ तर सहकारी संस्थाको शेयर लाभांशको रकम शेयर पूँजीको १८ % भन्दा बढी हुने छैन, भन्ने व्यवस्था कायम गरिएको।

४. ऐनको दफा ५८.१ मा साविकमा रहेको व्यवस्था हटाइ कुनै सदस्यले सहकारी संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित सहकारी संस्थाले कम्तिमा ३ महिनाको अवधि दिई लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सक्नेछ, भन्ने व्यवस्था कायम गरिएको।

५. ऐनको दफा ६५.१ मा रहेको साबिकको व्यवस्था हटाई एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था;

(१) यस ऐनको अधीनमा रही दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाको कुल कायम रहेका सदस्य सङ्ख्याको बहुमतबाट निर्णय हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्ने।

(४) एकीकरण वा विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। भन्ने व्यवस्था कायम गरिएको।

आज्ञाले
केशवराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत